मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २०९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ साउन २६ गते सोमबार ❑ 10 Aug. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## सरकारमा जाने विषय हाम्रो प्राथमिकतामा छैन: अध्यक्ष दाहाल

**रासस**
चितवन, २५ साउन

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले सरकारमा जाने विषय आफूहरूको प्राथमिकतामा नरहेको बताउनुभएको छ।

आइतबार यहाँ पत्रकारसँग कुराकानी गर्दै उहाँले सरकारले गरेका कामको विरोध गर्दा माओवादीलाई सरकार चाहिएको जसरी अर्थ्याउन खोजिएको भन्दै अहिले नै सरकारमा जाने कुनै सोच नरहेको उहाँको भनाइ थियो । सरकार परिवर्तनका विषयमा सोधिएको प्रश्नमा अध्यक्ष प्रचण्डले भन्नुभयो, "यो सरकारले राम्रो काम गरिरहेको छैन । त्यस विषयमा कुरा उठाउँदा सरकार चाहिएको जसरी बुझ्नु हुँदैन । हामीलाई सरकार चाहिएको छैन । त्यस विषयमा हामीले कुनै चासो राखेका छैनौँ।"माओवादी केन्द्रले भदौ तेस्रो साताबाट विगतमा स्थगन भएको अभियानलाई पुनः सुरु गर्ने र त्यसपछि पुनः केन्द्रीय समितिको बैठक बसेर नयाँ एजेण्डासहित अघि बढ्ने उहाँको भनाइ थियो । "त्यसैले हाल सरकारभन्दा जनताका कुरा सुन्नतर्फ पार्टीलाई केन्द्रित गरिरहेका छौँ । जनताको गुनासो र ती गुनासा समाधानका लागि अभियान पुनः सञ्चालन गर्न लागिएको हो", अध्यक्ष दाहालले भन्नुभयो । हालै सम्पन्न स्थायी समिति बैठकबाट पार्टी एकताबद्ध भएको भन्दै उहाँले बैठकले गरेका निर्णय कार्यान्वयनमा आउने बताउनुभयो । फरक प्रशंगमा उहाँले निर्माणाधीन गौतमबुद्ध अन्तरराष्ट्रिय क्रिकेट रङ्गशालाको निरीक्षण गरेको र त्यहाँ द्रूतगतिमा काम अघि बढाउनुपर्ने आवश्यकता महसुस भएको उल्लेख गर्नुभयो।

## देशभर मनाइयो गाईजात्रा

**रासस**
काठमाडौं, २५ साउन

प्रत्येक वर्ष भाद्र कृष्ण प्रतिपदाका दिनदेखि आठ दिन अर्थात् अष्टमीसम्म मनाइने गाईजात्रा पर्वको पहिलो दिनको जात्रा आइतबार विधिपूर्वक मनाइएको छ।

उपत्यकालगायत देशभरका मुख्य सहरमा दिवङ्गत भएका आफन्तको सम्झनामा विभिन्न कार्यक्रम गरी पहिलो दिनको गाईजात्रा मनाइएको हो । गाईजात्राको भोलिपल्ट बौद्धमा र त्यसको पर्सीपल्ट जयवागेश्वरीमा रोपाइँ जात्रा मनाउने गरिन्छ । गाईजात्राको भोलिपल्ट जयवागेश्वरीमा खड्ग जात्रा र अन्य स्थानमा विभिन्न नामले गाईजात्रा मनाउने गरिन्छ । भाद्र कृष्ण प्रतिपदादेखि अष्टमीसम्म मनाइने यो पर्व मल्लकालेखि सुरु भएको हो । एक वर्षदेखि दिवङ्गत भएका आफन्तको सम्झनामा आज गाई वा मानिसलाई गाईका रूपमा सिँगारी परिक्रमा गराएर दूध, फलफूल, रोटी, चिउरा, दहीका साथै अन्न र द्रव्य दान गरी मनाइएको छ। गाईजात्राका अवसरमा उपत्यकाका विभिन्न स्थानमा सांस्कृतिक झाँकी र साजसज्जाका साथ गाईको भेषमा बालबालिकाको ऱ्याली निकालिएको थियो।

भाद्र कृष्ण प्रतिपदादेखि अष्टमीसम्म आठ दिन परम्परागत सांस्कृतिक उत्सव 'गाईजात्रा' मनाइन्छ। आठ दिनसम्म गाईजात्रा, खड्गजात्रा, रोपाइँजात्रालगायत नाममा गाईजात्रा सप्ताहव्यापी रुपमा मनाउने परम्परा रही आएको छ । मृत्यु भएकाको सम्झनामा नगरपरिक्रमा गर्नाले गाईको पुच्छर समाई वैतरणी पार हुन्छन् भन्ने धार्मिक विश्वास छ।

राजा प्रताप मल्लले पुत्रशोकले विह्वल भएकी आफ्नी रानीलाई दुनियाँले पनि यस्तै शोक बेहोर्नुपर्छ भन्ने देखाउन 'जनतालाई आ-आफ्नो मरेका व्यक्तिका नाममा गाईजात्रा निकाली सहर परिक्रमा गराउनू' भनी आज्ञा दिएको जानकारहरू बताउँछन् । यतिले पनि रानीको मन शान्त हुन नसकेपछि विभिन्न प्रकारका प्रहसन तथा व्यङ्ग्यात्मक कार्यक्रम गराउने आदेश दिएअनुरूप जात्राको प्रचलन चलेको जनश्रुतिसमेत छ।

सोही समयदेखि प्रचलनमा आएकोगाईजात्राहनुमानढोकास्थित राजप्रासाद भएर जानुपर्ने प्रथा हाल पनि कायमै छ। देशका विभिन्न सहरमा गाईजात्रा मनाइने भए पनि उपत्यकामा यसको विशेष रौनकता हुन्छ।

पर्वका क्रममा प्रहसन, सामाजिक विकृतिप्रति व्यङ्ग्यात्मक प्रदर्शन, नाचगान तथा मृत व्यक्तिको सम्झनामा रामायणको करुण रसका गीतहरू पनि गाइन्छन्। जात्राका क्रममा पाटनमा देखाइने सत्य युगको धान, चामलको नमुना, काठमाडौँको ठमेलमा देखाइने स्वर्ण तथा रजताक्षरमा लेखिएका पुस्तकहरूविशेषदर्शनीयमानिन्छन्। आजभोलि गाईजात्राका अवसरमा समाजमा विद्यमान विकृति र विसङ्गति उजागर गर्न सार्वजनिकरूपमा मनोरञ्जनात्मक तथा व्यङ्ग्यात्मक ढङ्गले विविध कार्यक्रमको आयोजना गरिन्छ । पत्रपत्रिकामा पनि सामाजिक कुरीतिलाई समेटेर हास्यव्यङ्ग्य अङ्क प्रकाशित हुने गरेको छ।

यो पर्व काठमाडौँ उपत्यकालगायत बनेपा, धुलिखेल, पनौती, बाह्रविसे, त्रिशूली, दोलखा, खोटाङ, भोजपुर, चैनपुर, इलाम, धरान, विराटनगर, वीरगञ्ज, हेटौँडा र पोखरा लगायतका सहरमा पनि मनाइन्छ । गाईजात्राका अवसरमा काठमाडौँ उपत्यकामा सार्वजनिक बिदा दिइएको थियो।

## दिवंगत आफन्तको सम्झनामा वडा १३ मा गाईजात्रा

**पोखरापत्र संवाददाता**
पोखरा, २५ साउन

परम्परागत गाईजात्रा पर्व कुँडहरमा धुमधामका साथ मनाइएको छ।

दिवंगत आफन्तको सम्झनामा कुँडहरमा बस्ने नेवार समुदायले आइतवार गाईजात्रा निकालेर विभिन्न टोलमा परिक्रमा गरि मनाए । पोखरा महानगरपालिका वडा नं १३ गौडाकोमुख स्थित बाल गोपाल भजन कृतन सेवा समितिले पनि गाइजात्रा निकालेको छ । कार्यक्रममा गाइ, मारुनी र जोक्करको रुपमा सजिएर प्रदर्शन गरिएको थियो। गौडाकोमुखवाट निकालिएको गाइजात्रा वडा नं १३ का विभिन्न स्थानमा परिक्रमा गरेका थिए । एक वर्षभित्र दिवंगत आफन्तका सम्झनामा गाईको रूपमा सिँगारी आ-आफ्ना इलाकामा परिक्रमा गराउनका साथै उनीहरूलाई श्रद्धालुद्वारा दूध, फलफूल, रोटी, चिउरा, दहीका साथै अन्न प्रदान गरिने वाल गोपाल भजन कृतन सेवा समितिका अध्यक्ष माधव नारायण श्रेष्ठले पोखरापत्रलाई वताए। सोहि दिन राधाकृष्ण मन्दिर सेवा समितिको आयोजनामा पनि गाइजात्रा निकालिएको थियो। कार्यक्रममा चारवटा गाइ, चार वटा परी, तीन जोक्कर प्रर्दशन गरिएको थियो । राधाकृष्ण चोकवाट निकालिएको गाइजात्रा वडा नं १३ को विभिन्न टोलमा परिक्रमा गरेको थियो। यसरी टोल परिक्रमा गर्नाले वर्षभरि मृत्यु भएका व्यक्ति गाईको पुच्छर समाई वैतरणी पार हुन्छन् भन्ने धार्मिक विश्वासको साथ गाइजात्रा निकाल्ने गरिएको राधाकृष्ण मन्दिर सेवा समितिका अध्यक्ष योगेन्द्रमान श्रेष्ठले पोखरापत्रलाई वताए।




एक वर्षभित्र दिवङ्गत भएका आफन्तको सम्झनामा आजका दिन गाई वा मानिसलाई गाईका रूपमा सिँगारी आ-आफ्ना क्षेत्रमा परिक्रमा गराउने र उनीहरूलाई श्रद्धालुद्वारा दूध, फलफूल, रोटी, चिउरा, दहीका साथै अन्न र द्रव्य दान दिने चलन छ।

## लेकसिटी कलेजमा हिसानको आवाजको उत्सव

**शोभाकान्त सिग्देल**
पोखरा, २५ साउन

२३ गते शुक्रवार ११ बजेको थियो। स्कुलका विद्यार्थीहरु पोशाकमा । लेकसिटी कलेज प्रवेश गर्नेबित्तिकै लाग्थ्यो, यहाँ कुनै मेलापर्व तथा प्रदर्शन चलिरहेको छ। नत मेला नै थियो नत कुनै प्रदर्शनी नै । थियो त केवल विचारका फूलहरू फुलिरहेका थिए, तर्कका पातहरू हल्लिरहेका थिए। साथमा क्याम्पस परीसरमा रहेको लिचीको हरितमय वोट । आँपको उस्तै बोट । विचमा रहेका एभोगार्डको बुटमुनी विद्यार्थी र शिक्षक शितल छाहारीको साथमा । विस्तारै शितलतालाई छिचल्दै विचार, तर्क र अभिव्यक्तिको अद्भुत संगम भएको दिन, क्याम्पसको प्रोजेक्टर जडान प्रविधि मैत्री दुई कक्षाकोठामा सबै शान्तमय वातवरणमा बसाई।

उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ नेपाल (हिसान) कास्कीको ब्यानरमुनि शिक्षक र विद्यार्थीहरुको गरिमामय उपस्थितिमा उद्घाटन गरिएको प्रतियोगितामा लेकसिटीका दुई कोठामा सुरु भएको वक्तृत्वकला प्रतियोगितामा सहभागी विद्यार्थीहरू अगाडी गएर वोल्दा लाग्थ्यो– यिनीहरू बोल्न मात्र होइन, शब्दलाई नचाउन पनि जान्ने कलाकार हुन् । कोही जोशका साथ आवाज उचाल्दै कृषि, हस्तकलादेखि कपडा, उत्पादनको निर्यात प्रोत्साहनको वारे दिलै खोलेर बोले। छुट र प्रोत्साहनमा निर्यात उद्योगलाई कर छुट, भन्सार सुविधाका वारे चर्चा गरे। त्यसैगरी क्षेत्रीय व्यापार सम्झौताको वारे चर्चा गर्दै पारदर्शिता र डिजिटल प्रणाली अन्तर्गत भन्सार प्रक्रियामा सूचना प्रविधिको प्रयोगवारे मधुर स्वरमा प्रेरणादायी प्रसंग सुनाउँदै हलमा उपस्थित सबैको मन जित्दै थिए । नेपालको व्यापार नीति निर्यातमुखी भए पनि पारवहन समस्याले निर्यात क्षमतामा बाधा पुऱ्याइरहे पनि पारवहन सुदृढ गर्न वैकल्पिक मार्ग विकास सँगै रेल र सडक पूर्वाधार सुधार, सीमा प्रक्रियामा डिजिटलीकरण गर्नुपर्ने वर्तमान समयका माग भन्दै सम्बन्धित क्षेत्रलाई ध्यान आकर्षण गराउँदै थिए कक्षा कोठा तालिले गुञ्जियो । एक पछि अर्को विद्यार्थीहरुको भावुक प्रस्तुतिले कक्षा कोठाको वातवरण नै एकछिन मौन रह्यो । हरेक विद्यार्थीहरुको बोली दमदार देखीयो। एकै समयमा अर्को कक्षामा भएको प्रतियोगितामा अनुशासन वा स्वतन्त्रतामाः के ले असल विद्यार्थी सृजना गर्छ भन्ने शिर्षकमा समय सान्दर्भिक गहिराइमा पुगेर विद्यार्थी खुलेर बोले । जहाँ विद्यार्थीहरु अनुशासन र स्वतन्त्रता दुवै असल विद्यार्थी निर्माणका आधारस्तम्भ हुन् । यी दुई शब्दको सन्तुलनले मात्र वास्तवमै उत्कृष्ट विद्यार्थीहरू जन्मन्छन् । तर सहभागी विद्यार्थीहरुले दुवै शब्दमा पालै पालो केन्द्रित रहि असल विद्यार्थी बन्नमा आ-आफ्नो तर्क प्रस्तुत गरे । अनुशासनले विद्यार्थीलाई समयपालन, नियमित अध्ययन, जिम्मेवारीबोध र कठिन परिस्थितिमा पनि लक्ष्यमा अडिग रहन सिकाउँछ भनेर एक स्वरमा जोड दिए । स्वतन्त्रताले विद्यार्थीलाई नयाँ कुरा सोच्न, प्रश्न गर्न, प्रयोग गर्न र आफ्नै शैलीमा सिक्न प्रेरित गर्नाले संसार भरी विद्यार्थीहरुले नयाँ नयाँ विषयको अविश्कार र अनुसन्धनमुखीमा आर्कषण भएको विषयमा धाराप्रवाह भावना प्रस्तुत गरे । सहभागी हरेक विद्यार्थीहरुको प्रेरणादायी स्वर्ण मुखका मिठा वाणी मार्फत हलमा उपस्थित सबैलाई मन्त्रमुग्ध बनाए। विद्यार्थीहरुले विषयवस्तुमा रहेर वक्तृत्वकला प्रतियोगितामा आफ्नो बौद्धिक क्षमता, तर्कशक्ति र भाषिक शैलीको लोभलाग्दो प्रस्तुतिले उपस्थित सवैको ध्यान खिचेको थियो । विद्यार्थीहरुले पस्केका हरेक शब्दका सुवासले सारा वातावरण आवजले गुञ्जीएको थियो । हिसान कास्कीको आयोजनमा भएको प्रतियोगितामा २१ स्कुलका ३८ विद्यार्थीहरु सहभागि रहेका थिए । चार जना विद्वान निर्णायकहरूको कलमलाई थाम्नै मुस्किल पर्नेगरी ३८ प्रतिभाहरूको उत्कृष्ट भिड थियो। सो भिडलाई समाल्न सफल भएका गुरुहरु नवराज अधिकारी, मदनप्रसाद वराल, डिल्लीराम भट्टराई र सुरज पौडेल निर्णायक मण्डलमा रहेका थिए । निर्णायक गुरु क्रमश नवराज अधिकारी र डिल्लीराम भट्टराईका अनुसार सहभागीहरूको आत्मविश्वास, भाषणको लय र प्रस्तुतीकरणले प्रतियोगितालाई थप जीवन्त बनाएको भने । नेपालको व्यापार नीति र पारवहन समस्या विषय नेपाली वक्तृत्वकलामा सहभागीवाट प्रथम मदरल्याण्ड स्कूलकी अद्धिति पराजुली पहिलो, वाल उदय स्कूलकी एलिसा भुषाल दोस्रो, प्रतिभा स्कूलकी अस्मिता वस्याल तेस्रो र न्यू ग्यालेक्सी स्कूलकी अञ्जु पुन मगर चौथो भएका थिए। त्यसैगरी अनुशासन वा स्वतन्त्रताः के ले असल विद्यार्थीहरु सृजना गर्छ भन्ने विषयक अग्रेजी वक्तृत्वकलामा ग्लोवल स्कूलकी जोशीना अधिकारी पहिलो, मदरल्याण्ड स्कूलकी श्रष्टा वराल दोस्रो, सगरमाथा स्कूलकी स्नेहा शर्मा, कास्की मोर्डनाइज स्कूलकी प्रेणा गुरुङ तेस्रो र प्रतिभा स्कूलकी अर्चना नेपाली चौथो भएका थिए। विजेता सवै विद्यार्थीहरुले ट्रफी र प्रमाणपत्र हातमा पाउँदो अनुहारमा देखिएको खुसी, हलका सबै दर्शकका लागि पनि जितजस्तै वातवरण बनाएको थियो भने लेकसिटी कलेजको भवन अगाडी सामुहिक तस्विर लिनेको भिड पनि उस्तै देखिन्थ्यो । सो कार्यक्रमको उद्घाटन गर्दै हिसान नेपालका केन्द्रिय उपाध्यक्ष बाबुराम पन्तले हिसानले शैक्षिक गुणस्तर सँगै विद्यार्थीको सर्वाङ्गीण विकासमा पनि जोड दिँदै आएको वताए। यस्ता अतिरिक्त कार्यक्रमले विद्यार्थीको लुकेका क्षमता उजागर गर्न ठूलो सहयोग पुग्नेमा पन्तले जोड दिए । हिसान कास्कीका उपाध्यक्ष पुरन कुँवरले स्वागत गरेको कार्यक्रममा सचिव किरण सापकोटाले साहित्यमय लयमा कार्यक्रम संचालन गरेका थिए। कार्यक्रमको अन्त्यमा हिसान कास्कीका अध्यक्ष दिवकर जैशीले भने, "शब्दमा शक्ति हुन्छ, विचारमा क्रान्ति हुन्छ, र यस्तो मञ्चले युवाहरूमा दुवै शक्ति जगाउँछ।" भने । प्रतियोगितामा शब्द र विचारको यो रमाइलो प्रतिस्पर्धाले विजेता मात्र घोषणा गर्दैन बरु सहभागी हरेक विद्यार्थीको आत्मविश्वासमा नयाँ रंग भर्न सहयोग पुग्ने अध्यक्ष जैशीको विश्वास थियो । यस्ता प्रतियोगिताले बोल्ने मात्र होइन, सोच्न पनि सिकाउने वातवराण सृजना भएको अध्यक्ष जैशीले भने।




## नदिपुरमा तायमचा नाच देखाइयो

**पोखरापत्र संवाददाता**
पोखरा, २५ साउन

नदिपुर तायमचा समितिले गाइजात्रा पर्वको अवसरमा पोखरा- ३ नदिपुरमा पहिलो पटक तायमचा नाच प्रदर्शन गरेको छ। हालै मात्र गठन भएको उक्त समितीले यसै बर्ष देखि नाच देखाउन शुरु गरेको हो।

वडा नम्बर ३ को कार्यलयबाट शुरु भएको नाचले नदिपुर क्षेत्र, नारायणस्थान मन्दिर, पालिखेचोक, तेर्सापट्टी, कोपिलढुंगा, भिसि मार्ग, भैरब मन्दिर, बाल मन्दिर, मिन मार्ट हुदै सोही स्थानमा आएर समापन भएको समितीका अध्यक्ष गौतम उदासले जानकारी दिनुभयो।



तायमचा नाचमा नृत्य गर्नेहरुमा सुकृति ताम्राकार, सुदिज्ञा ताम्राकार, सराहना ताम्राकार, ओसम द्धा, निया घर्ति, मिजास उदास रहेका छन। बाद्यबादनमा प्रसिद्ध उदास, सरोज जलारी, समिर उदास, सफल द्धा, शैलेस ताम्राकार, निर्जला ताम्राकार रहेका थिए। हालै मात्र गौतम उदासको अध्यक्षतामा नदिपुर तायमचा समिती स्थापना भएको हो । युवा पुस्तालाई संस्कृति प्रति जागरुक बनाउन स्थापित समितिको उपाध्यक्ष रवि उदास, सचिव सकेन्द्र ताम्राकार, कोषाध्यक्ष नारायण प्रसाद द्धा, सहसचिव शान्ती श्रेष्ठ उदास रहेका छन।

सदस्यहरुमा लक्ष्मी ताम्राकार, गोविन्द पराजुली, राजेन्द जलारी, प्रेम पुन, सुन्दर श्रेष्ठ, सुनिल थापा, राजु कायस्थ, विन्दु पाण्डे, पुष्प उदास, सुदर्शन न्हुच्छे प्रधान, जितेन्द्र ताम्राकार, शिबराम श्रेष्ठ रहेका छन।

समितिका सल्लाहकारहरु श्रीकृष्ण कतिला, प्रकाश घिमिरे, अनुप बराल, बसन्त उदास, गोविन्द ताम्राकार, आनन्दमान ताम्राकार, दिलिप गिरी, मुकुन्दराज राजभण्डारी, सनकमान सिके, शान्तीदेबी पराजुली, सवि परियार, नविन आले छन। नदिपुर तायमचा समितीलेको नाच साउन ३१ गते शिशुवामा हुने तायमचा नृत्य प्रतियोगितामा सहभागी हुने अध्यक्ष उदासले बताउनु भयो।

का.जि.द.नं. ५६/०५६ ह.नि.पो.द.नं. ०१/०७९/०८०


# छ किलो चार सय ग्राम सुनसहित भारतीय नागरिक पक्राउ

**पोखरापत्र संवाददाता**
पोखरा, २५ साउन

पोखरामा प्रहरीले छ किलो चार सय ग्राम अवैध सुनसहित ११ भारतीय नागरिकलाई पक्राउ गरेको छ। भारतको महाराष्ट्र तथा पश्चिम बङ्गाल घर भई पोखरामा विभिन्न स्थानमा बस्ने उनीहरुलाई पक्राउ गरी शनिबार सार्वजनिक गरिएको हो।

पक्राउ परेकाहरुबाट नगद रु पाँच लाख १४ हजार समेत बरामद भएको जिल्ला प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी उपरीक्षक श्यामबाबु ओलीयाले जानकारी दिनुभयो । पोखरा महानगरपालिका-२, ३, ४ र ९ मा अवैध सुनचाँदी कारोबार भइरहेको भन्ने सूचनाका आधारमा प्रहरी टोली खटिएको थियो । पक्राउ पर्नेमा ४१ वर्षीय राजेन्द्र रामचन्द्र जगताप, ४० वर्षीया सुनिता पवार, ४५ वर्षीय मनिकलाल आदक, ३५ वर्षीय असित वर, ४४ वर्षीय तापस सामन्त, ३८ वर्षीय उज्ज्वल भोमिक, ३५ वर्षीय सन्दिप ढाव, ४१ वर्षीय सोमनाथ पाल, ४७ वर्षीय दीपक सामन्त, ४७ वर्षीय गोविन्दा दिण्डा र ४९ वर्षीय प्रोभास माझी रहेका छन्। उनीहरुबाट चार सय ४४ तोला चाादी समेत बरामद भएको प्रहरी उपरीक्षक ओलीयाले बताउनुभयो । बरामद गरिएको सुनको बजार मूल्य रु ११ करोड एक लाख रहेको छ । पक्राउ परेकाहरुलाई बरामद सुन, चाँदी र नगदसहित आवश्यक कारबाही तथा थप अनुसन्धानका लागि राजस्व अनुसन्धान कार्यालय बुटवल पठाइने प्रहरीले जनाएको छ।

# 'मिडियामा आदिवासी जनजातिको समावेशिता, आजको आवश्यकता'

**पोखरापत्र संवाददाता**
पोखरा, २५ साउन




प्रेस काउन्सिल नेपालका सदस्य केशवशरण लामिछानेले मिडियामा आदिवासी जनजातिको समावेशिता आवश्यकता अपरिहार्य रहेको बताए।

नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) को २६ औं स्थापना दिवसका अवसरमा आयोजना गरिएको फोनिज संवादमा उनले मिडियामा सबै समुदायको प्रतिनिधित्व हुनुपर्ने बताएका हुन्। फोनिज गण्डकीको आयोजना र फोनिज कास्कीको सह-आयोजनामा भएको 'मिडियामा आदिवासी जनजाति समावेशिताको सवाल' कार्यक्रममा उनले सञ्चार क्षेत्रमा सम्पूर्ण समुदायको सहभागिता र समावेशिता आजको आवश्यकता बताए । आदिवासी जनजातिलाई पत्रकारिताको क्षेत्रमा कसरी टिकाउने भन्ने कुरा सोच्नुपर्ने अवस्था आएको उनको भनाई छ । साथै, समग्र पत्रकारिता क्षेत्र नै जोगाउनुपर्ने अवस्था आएको सम्पूर्ण पत्रकारहरुको क्षमता विकासका कार्यक्रम भइरहनुपर्नेको उनको जोड थियो।

कार्यक्रममा पत्रकार महासंघ गण्डकी प्रदेशका अध्यक्ष रमेश पौडेलले नेपालमा भएको जातीय सद्भावलाई नियालेर सबै नागरिकले गौरव गर्नुपर्ने बताए। कुनै पनि समुदायका नागरिकलाई राज्यले विभेद गरेको जस्तो अनुभव नभएको उनको भनाई छ । 'राज्यले आदिवासी जनजाति लगायतकालाई विभेद गरेको जस्तो मलाई लाग्दैन,' उनले भने, ' पिछडिएको र आफूलाई विभेद भएको जस्तो लाग्छ भने सम्बन्धित स्थानमा आवाज उठाउनुपर्छ ।' आदिवासी जनजाति समुदायलाई मिडिया क्षेत्रमा क्रियाशील बनाउने विषयमा बहस गर्नु जरुरी रहेको उनको भनाइ थियो । फोनिज गण्डकी/कास्कीका सल्लाहकार हुमबहादुर गुरुङले कार्यपत्र प्रस्तुत गर्दै राज्यलाई पूर्ण समावेशी नीति निर्माण गर्न र कार्यान्वयनका लागि दवाव सिर्जना गर्नुपर्नेमा जोड दिए । मिडियामा समावेशिता नीतिगत रुपमा सकारात्मक तर्फ अग्रसर भएपनि आदिवासी जनजातिले चाहे अनुसार पूर्ण रुपमा समावेशीताको नीतिको भने अभाव रहेको उनको गुनासो छ । 'नेपालमा व्यवस्था परिर्वतन भयो, आदिवासी जनजातिको विषय उठान हुँदै आयो, तर सोचमा परिर्वतन हुन सकेन,' सल्लाहकार गुरुङले भने, 'सञ्चारमाध्यमले मौलिकताको प्रचार गर्दै विभेदको अन्त्य र समानतामूलक समाज निर्माणका लागि भूमिका खेल्नुपर्छ ।' पत्रकार महासंघ गण्डकी प्रदेशका महासचिव जमुना वर्षा शर्माले आदिवासी जनजाति भन्नासाथ उनीहरुको पोशाक, खानपान र गरिबीलाई मात्र अहिलेसम्म बाहिर ल्याउने कार्य भइरहेको बताइन् । उनीहरुको समुदायमा भएका रहनसहन र सकारात्मक विषयलाई मिडियाले उठान गर्न सक्नुपर्ने उनको भनाई छ। यसका साथै महासचिव शर्माले कार्यक्रममा गण्डकी प्रदेश सरकारले कामकाजी भाषाका रुपमा मगर र गुरुङ भाषालाई प्रमाणीकरण गरिसकेको अवस्थामा कार्यान्वयनका लागि फोनिजको भूमिका महत्वपूर्ण हुने उनले बताइन्।

नेपाल आदिवासी जनजाति पत्रकार महासंघ फोनिज गण्डकी प्रदेशका अध्यक्ष खीमा गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष माधव बराल, फोनिज गण्डकीका सल्लाहकार मनोज घर्ती मगर लगायतले आदिवासी समुदायका पत्रकारहरुको संरक्षणसँगै क्षमता विकासका लागि नयाँ नयाँ कार्यक्रम ल्याउनुपर्नेमा जोड दिएका थिए।

# सृष्टि र सिद्धार्थले जिते नृत्य संग्रामको उपाधि




**पोखरापत्र संवाददाता**
पोखरा, २५ साउन

नृत्य संग्रामको उपाधि सृष्टि गुरुङ र सिद्धार्थ विकले जितेका छन् । बिटुडी डान्स स्कुलको आयोजनामा पोखराको वाणिज्य हलमा शनिबार भएको ग्राण्ड फिनालेमा सिनियरतर्फ गुरुङ र जुनियरतर्फ विकले उपाधि जितेका हुन्।

सिनियरतर्फ सपुन सर्मल दोस्रो, निकिसा चौधरी तेस्रो, अस्मिन पोखरेल चौथो र जेनी सेन्चुरीले पाँचौ स्थानमा हासिल गरे। पहिलो हुनेले ७० हजार, दोस्रोले ३० हजार र तेस्रो हुने २० हजार रुपैयाँ प्राप्त गरे।

जुनियरतर्फ दिप्सीका गुरुङ दोस्रो, आस्निया केसी तेस्रो, प्रिन्सेस गुरुङ चौथो र संस्कृति पाण्डे पाँचौ भए। प्रथम हुनेले ५० हजार, दोस्रो हुनले ३० हजार र तेस्रो हुनेले २० हजार पाए। वेष्ट कोरियोग्राफरको अवार्ड अमृत सुनारले जिते।

भारतीय चर्चित डान्स शो इन्डिया वेस्ट डान्सर सिजन-३ का विजेता समर्पण लामा, हिप हप इन्डियाका डान्सर नोर्बु तामाङ र बिटुडी ड्रेस सेन्टरका सञ्चालक स्मृति गुरुङ तामाङले निर्णायकको भूमिका निर्वाह गरेका थिए।

उक्त प्रतियोगितामा प्रि अडिसन राउण्डमा १ हजार बढी सहभागी थिए। यस्तै अडिसन राउण्डमा ३ सय जना पुग्न सफल भएका थिए। मेगा अडिसनका लागि १ सय ७० जना छनोट हुँदा सेमिफाइनलमा ६९ जनाले प्रतिस्प्रर्धा गरेका हुन् । ग्राण्ड फिनालेमा सिनियरतर्फ १२ र जुनियरतर्फ २० जनाबीच प्रतिस्प्रर्धा भएको थियो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : विसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

**हार्दिक बधाई**

राष्ट्रिय परीक्षा २०८२ को नतिजामा उत्कृष्ट जि.पि.ए. सहित समुर्त्तिण सम्पूर्ण विद्यार्थीहरुमा (९५ %) हार्दिक बधाई ज्ञापन साथै उत्तरोत्तर शैक्षिक प्रगतिको शुभकामना व्यक्त गर्दछौं । यस सुखद् क्षणमा पोखरा आदर्श मा.वि.का सम्पूर्ण अभिभावकज्यूहरु, शिक्षक, कर्मचारी मित्रहरु र समस्त शुभेच्छुक महानुभावहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं ।



PRADIP SUNAR 3.76 | ROHIT KUNWAR 3.73 | SUSHANKA BASTOLA 3.70 | UMA RANA 3.60 | SAMIKSHA DHUNGANA 3.58 | DIPESH TIMSINA 3.54 | SALINA JAISI 3.54 | SUJAN ADHIKARI 3.52 | SULJHAN SAPKOTA 3.50 | ANKITA CHAPAI 3.45

DIP GODAR 3.45 | RANJIT GURUNG 3.41 | SUSHIL BHANDARI 3.40 | BIJAYA PUN 3.38 | HARI TIWARI 3.38 | ANITA REGMI 3.37 | ASHISH KUNWAR 3.37 | BIPAN THAPA 3.37 | ROHIT TAMANG 3.37 | ANISH GAUTAM 3.36 | AAYUSHA BASTOLA 3.34 | SUNIT SAHI 3.34

AASHISH RAI 3.33 | AYUSHMA PANTHI 3.33 | GURASH BHUJEL 3.29 | SADIKCHYA BHANDARI 3.28 | SUDIP B.K. 3.24 | SACHIN PARIYAR 3.22 | BIBEK SUBEDI 3.20 | PRANAB SHRESTHA 3.20 | SUSHANT SUNAR 3.20 | SUSHIL SHARMA 3.20 | DIWAS DAHAL 3.19 | DIPSIKHA THAPA 3.18

SWASTIKA SHARMA 3.15 | SANSKRITI CHALISE 3.14 | KUSHAL RANA 3.13 | LAXMAN PAUDEL 3.13 | NISHAN SUBEDI 3.12 | DIRGHA B. NEPALI 3.11 | KUNGA GURUNG 3.11 | TULASHI RIMAL 3.11 | UTSAB POUDEL 3.11 | GHANASHYAM LAMICHHANE 3.10 | KHUM B. THAPA 3.10 | SAMIR SUBEDI 3.10

SRISHTI MAGAR 3.10 | SALIN BARAL 3.09 | PRABHUBHAKTA ACHARYA 3.08 | MOHIT GIRI 3.07 | AVISHEK ADHIKARI 3.05 | AKRITI BASTOLA 3.04 | DURGA LAMSAL 3.04 | SWETA SUNAR 3.04 | ANUSHA ADHIKARI 3.02 | PRAKRITI POUDEL 3.02 | SONILA SUBEDI 3.02 | PREMA LAMA 3.01 | RITU ADHIKARI 3.00

**2.99-2.30**

MANISHA KANDEL | PRIYA KUMARI JHA | RAHUL PARIYAR | PRINCE JUNG PANDEY | SALINA SUNAR | AVASH BARAL | DURGA GHARTI | SONIYA TAMANG | ANISHA PADHYA | ROJI ADHIKARI | SASHIT DEVKOTA | ARPANA B.K.

BISHISTHA CHHETRI | DIKSHYA KC | SIMRAN TAMANG | DIKSHYA PARIYAR | PRAMIT G.C | SANDESH BK | SUMIT B.K. | MANOJ K. GHATANE | PRASAN K B.K. | REECHA ADHIKARI | SAMIKSHA GURUNG | SUGAM THAPA

SONIYA BK | JISMITA PUN | DIPSAN PUN | PRADIP BK | SHAIBYA POUDEL | ARUN TAMANG | NITISH KUMAR RAM | ANISH ADHIKARI | KRITI GURUNG | ANUPAM SHRESTHA | LAXMAN SUNAR

SASHIMAYA TAMANG | PARBESH BHANDARI | SANDIP GURUNG | TAKESH SERBUJA | JAMUNA THADARAI | VENISHA SUNAM | SACHIN CHHETRI | AKASH CHAUDHARY | AYESHA KHADGI | RAMIT BHANDARI | PRIJAYA PRADHAN

पोखरा आदर्श सेकेन्डरी स्कुल
POKHARA AADARSHA SECONDARY SCHOOL
Pokhara-1, Kaski pass.principal1@gmail.com
+2 Science, Computer Science, Management, Hotel Management
9856081908 | 9856015505 | 9806535570 | 9769221077

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवनमा न मनोविनोदको स्थान छ न आँसुको, जीवन त एउटा सेवा सदन हो। - लियो टोल्सटोय

## सम्पादकीय

# समाजवाद विर्सदा उपभोक्ता मारमा

हरेक वस्तु र सेवामा राज्यले नियन्त्रण गर्नु हुँदैन भन्ने नव उदारवादीले वकालत गर्दै आएका छन्।समाजवादीहरु सबै कुरा बजारलाई छोड्नु हुँदैन भन्छन । पुँजीवादी र समाजवादीका आ-आफ्नै मान्यता भए पनि कार्यान्वयनमा नआउँदा त्यसको मारमा गरिब र सिमान्तकृत जनता परेका छन । समाजवादीले उठाउने मुद्दा छोड्दै जाँदा उपभोक्ता अधिकारकर्मीले उठाउनु परेको छ।राज्यले छाडा छोड्दा उपभोक्ता मारमा पर्छन् । स्वच्छ बजारले मात्र उपभोक्ताको हित प्रवर्धन गर्न सक्ने हुँदा त्यसतर्फ सबैतिर प्रयास अगाडि बढाउनु परेको छ । विश्वका धैरै मुलुकमा उपभोक्ताको अधिकार र सुविधालाई केन्द्रविन्दुमा राखेर बजार अर्थतन्त्र अगाडि बढेको हुन्छ । नेपालमा अझै बजार स्वच्छतामा अनेक प्रश्न उठ्ने गरेका छन् । गोठदेखि ओठ सम्म,सुनदेखि नुन सम्म र जन्म देखि मृत्यु सम्म उपभोक्ताका सरोकारका मुद्दा हुन्।दैनिक खाद्यवस्तुको गुणस्तरमा समस्या छ । पिउने पानीसमेत स्वच्छ छैन । बालकदेखि वृद्धवृद्धा तथा बिरामीका निम्ति अति आवश्यक दुध पनि शुद्ध पाईदैन । खानेकुरादेखि सेवा पाउने अधिकारमा समेत समस्या छ। अस्पतालमा राम्रो स्वास्थ्य सेवा पाउन कठिन छ। बजार स्वच्छताका निम्ति राजनीतिक दर्शन समाजवाद मान्नेहरुले प्रमुख मुद्दा बनाउनुपर्छ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग होस या वाणिज्य विभाग, उपभोक्ता हित निर्देशनालय लगायतका निकायले बजार अनुगमनलाई अगाडि बढाउँदै उपभोक्ताको हितमा काम गरेको भए बजार अराजक हुने थिएन । अनुगमन गर्ने निकायहरुले आफ्ना प्रतिवेदन तयार पारेर सार्वजनिक गरेपछि मात्र जनताले अवस्था कस्तो छ भन्ने थाहा पाउँछन्पाउँन । खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले हालै सार्वजनिक गरेको वार्षिक प्रगति प्रतिवेदन उपभोक्ता संवेदनशील हुनैपर्ने खालको छ । बजार अनुगमनका क्रममा सो संस्थाले १७३ खाद्यवस्तु स्वास्थ्य प्रतिकूल रहेको पाएको छ। गत आर्थिक वर्ष २०८१/८२ को विश्लेषणमा आधार मान्ने हो भने उपभोक्ताको हितमा कदम उठाउने बेला भएको छ।

विभागका अनुसार गत आवमा खाद्यान्न, दलहन तथा सोबाट बनेका पदार्थका ८८७ वटा नमुनाको विश्लेषण गरिएको थियो। त्यसमध्ये ५२ वटा खाद्यवस्तु स्वास्थ्य प्रतिकूल रहेको पाइएको छ। त्यसै गरी तेल तथा घिउका ३५१ वटा नमुना विश्लेषण गर्दा विभागले ३८ वटामा स्वास्थ्य प्रतिकूल पाएको छ। खाद्यान्न, दलहन, तेल र घिउ जस्ता वस्तु दैनिक भान्सामा आबद्ध हुने वस्तु हुन् । मानिसको स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने यस्ता वस्तुमै स्वास्थ्य प्रतिकूल मिसावट वा यस्तै अन्य समस्या देखिएको छ। प्रशोधित भनिने कतिपय खानेपानी पनि पिउनलायक देखिएको छैन । कुल १६७ वटाको नमुना विश्लेषण गर्दा विभागले १६ वटा खानयोग्य नरहेको पाएको छ। त्यसै गरी गएको वर्षभर ५९ वटा विभिन्न नुनका नमुनाको विश्लेषण गर्दा ११ वटामा प्रतिकूल देखिएको छ। यो मानवअधिकारमाथिको खेलवाड हो। उपभोक्ता अधिकार भनेको मानवअधिकार भएको हुँदा यो जघन्य अपराधको लागि को जिम्मेवार छ अब हरेकले प्रश्न गर्नुपर्ने भएको छ।

उपभोक्ता माथि गरिएको खेलवाड एक ठाउँमा सिमित छैन । समस्या धेरैतिर देखिएको छ। मसला र दुधमा पनि उस्तै समस्या देखिएको छ। कुल ३२० वटा मसलाजन्य पदार्थको नमुना विश्लेषण गर्दा १६ वटा प्रतिकूल देखिए । दुध तथा दुग्धजन्य पदार्थका १०८ वटा नमुनाको विश्लेषण गर्दा १३ वटा प्रतिकूल देखिएका छन् । विभागका अनुसार गत आवमा प्रतिकूल देखिएका १८३ वटा खाद्यवस्तुविरुद्ध मुद्दा दायर गरिएको छ। सो अवधिमा मुद्दा दायर गरिएकोमा सबैभन्दा धैरै तेल र घिउका ४७ वटा र खाद्यान्न दलहन तथा सोबाट बनेको पदार्थका ४६ वटा मुद्दा दर्ता भएका छन् । त्यस अवधिमा प्रशोधित खानेपानीका २३ वटा, गुलियो पदार्थका १६ वटा, दुध तथा दुग्धजन्य पदार्थका १० वटा, दानाजन्य पदार्थका सात वटामा मुद्दा दर्ता भएका छन् ।

जिल्ला अनुसार राजधानी काठमाडौंमा ११ वटा मुद्दा दर्ता भएका छन् । काठमाडौँमा मात्र होइन, देशका धैरै जिल्लामा समस्या देखिएको छ। देशका १९ जिल्लामा १८३ वटा मुद्दा दर्ता भएका छन् । त्यसमा सबैभन्दा धैरै पर्सामा ४३ वटा दर्ता भएका छन् । तनहुँमा १७ वटा, भैरहवामा १५ वटा, धनगढीमा १३ वटा र काभ्रेमा १२ वटा मुद्दा दर्ता भएका छन् । दोषीलाई कारबाही हुनु पर्छ र त्यसका निम्ति न्याय प्रक्रियामा अगाडि बढ्नु स्वाभाविक छ। कानुनी कारबाहीले मात्र उपभोक्ताको स्वास्थ्यको क्षतिपूर्ति हुँदैन । उत्पादन र प्रशोधन स्वास्थ्य हुनु पर्छ, निर्धारित मापदण्ड पूरा गर्नु पर्छ । वस्तु तथा सेवाको वितरण र समग्र बजार प्रक्रियालाई स्वास्थ्य राख्नु जरुरी छ । उपभोक्ताको स्वास्थ्य हितलाई सर्वोपरि राखेर सम्बद्ध सबै निकायले कार्यसम्पादन गर्नु पर्छ । समाजवाद उन्मुख राज्य संविधानमा लेखेर पुदैन ।त्यस अनुसारको राज्यले कानुनी र शासकीय प्रबन्ध गर्नुपर्छ ।समाजवादको जप गर्ने होइन त्यस अनुसारको काम आजको आवश्यकता हो। राजनीतिक दल, सरकार, संसद, न्यायलय र मिडियाले उपभोक्ताको अधिकारको पक्षमा वहस पैरवी र न्याय दिन सकेमा समाजवाद उन्मुख राज्य जाँदैछ भन्ने आधार हुनेछ।



# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : शारीरिक झमेला | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : मानसिक तनाव | मकर | : आर्थिक समस्या |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : शत्रुको भय | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।



# लेखनाथ उद्योग वाणिज्य संघको नेतृत्वका लागि जानुका नेतृत्व टोली घर-दैलो अभियानमा

पोखरापत्र संवाददाता
पोखरा, २५ साउन

लेखनाथ उद्योग वाणिज्य संघ (लेउवा संघ) को आगामी भदौ २० र २१ गते हुने २९ औं साधारण सभा तथा १५ औं अधिवेशन नजिकिँदै गर्दा अध्यक्ष पदकी उम्मेदवार जानुका पराजुली अधिकारीको नेतृत्वमा रहेको प्यानल हिजो आज घर-दैलो अभियानमा सक्रिय भएको छ।

संघका आवद्ध सदस्य र व्यवसायिक प्रतिष्ठानमा पुगेर आफ्नो एजेन्डा र भावी योजनाबारे प्रत्यक्ष संवाद गर्ने अभियानमा जानुका नेतृत्वको टोली जुटेको हो। संघको २८ वर्षे इतिहासमा पहिलो पटक सशक्त महिला नेतृत्व रूपमा अध्यक्ष पदमा उम्मेदवारी दिएकी जानुकाले "इमानदारी, पारदर्शिता र लगनशीलता व्यवसायिक क्षेत्रमा सक्षम नेतृत्वको आधार" भन्ने नाराका साथ अभियान अघि बढाइरहेकी छन्। वर्तमान महासचिव समेत रहेकी उनले अनुभव, युवा जोश र समावेशीताको सन्तुलित संयोजन भएको प्यानल सार्वजनिक गर्दै व्यवसायीहरूको हकहित, महिला उद्यमीको सशक्तिकरण र समावेशी विकासको प्रतिबद्धता जनाएकी छन्। देशको विसम परिस्थितिबाट युवा पलायन हुदै व्यवसायमा देखिएको समस्याको समाधानको लागि समेत आवश्यक छलफल र बहस गर्न अग्रणि भूमिका खेल्ने उहाँको योजना रहेको छ। उनको प्यानलमा वरिष्ठ उपाध्यक्षमा गोपिचन्द्र बास्तोला, प्रथम उपाध्यक्षमा विक्रम कर्माचार्य, द्वितीय उपाध्यक्षमा ध्रुवबाबु भट्टराई, महासचिवमा भरतराज ओझा, उपमहासचिवमा गंगाकुमारी मल्ल, कोषाध्यक्षमा हरी बस्ताकोटी छन् । खुला सदस्यमा प्रतीक्षा रानाभाट, प्रभाकुमारी पौडेल लामिछाने, वीरेन्द्रराज भूर्तेल, भविन्द्र पुन ९भविन०, सुजन न्यौपाने, दीपक अधिकारी, कृष्णप्रसाद तिमिल्सिना, सन्दीप बुढाथोकी, महिला सदस्यमा शर्मिला श्रेष्ठ र गंगा परियार, एसोसियट सदस्यमा दयाराज भण्डारी तथा संस्थागत सदस्यमा वीरभद्र कँडेल रहेका छन्। युवा नेतृत्व भएकाले उनको उम्मेदवारीले व्यवसायिक क्षेत्रमा नयाँ सोच, उद्यमशीलता प्रवर्द्धन र महिला सहभागितामा प्रेरणा दिने अपेक्षा गरिएको छ । जानुकाले आफ्नो टिमभार्फत लेखनाथलाई पर्यटकीय हब बनाउने, पुँडिटारमा औद्योगिक क्षेत्र स्थापना गर्ने, बेगनास तालवराह मन्दिरको प्रचार गर्ने र कृषि क्षेत्रमा ब्राण्डिङ, प्याकेजिङ तथा बजारीकरणमा जोड दिने योजना अघि सारेकी छन् । यो प्यानलसँग हालका वरिष्ठ उपाध्यक्ष राजेन्द्र ओभाको समूह प्रतिस्पर्धामा छ, जसले चुनावलाई थप प्रतिस्पर्धात्मक बनाएको छ । निर्वाचनलाई पारदर्शी र निष्पक्ष बनाउन वरिष्ठ अधिवक्ता खगेन्द्रराज आचार्यको संयोजकत्वमा निर्वाचन समिति गठन गरिएको संघले जनाएको छ । २ हजार १९ सदस्य रहेको लेउवा संघको यस अधिवेशनलाई संगठनको भविष्य मात्र होइन, समग्र लेखनाथको व्यवसायिक समृद्धिमा निर्णायक मोडका रूपमा हेरिएको छ । जानुका र उनको टोलीको घर-दैलो अभियानले सदस्यहरूबीच उत्साह जगाएको छ र नयाँ इतिहास रच्ने संकेत दिएको पराजुलीको दाबी छ।

# सेवाग्राहीको चाप बढेपछि तनहुँमा इलाका प्रशासन कार्यालयको आवश्यकता

पोखरापत्र संवाददाता
तनहुँ, २५ साउन

जिल्ला प्रशासन कार्यालयले एक वर्षमा करिब डेढ लाख सेवाग्राहीलाई सेवा प्रदान गरेको छ । कार्यालयले आर्थिक वर्ष २०८१/८२ मा एक लाख ४७ हजार ८३१ जनालाई विविध सेवा प्रदान गरेको हो।

प्रमुख जिल्ला अधिकारी रामकृष्ण अधिकारीका अनुसार ९५ हजार ३४१ राष्ट्रिय परिचयपत्र, २५ हजार ९१८ राहदानी, १७ हजार ९०७ नागरिकता, पाँच हजार ४८४ सिफारिस, एक हजार ४६७ गुनासो, सात सय ९४ संस्था दर्ता/नवीकरण, छ सय ७ नाबालक परिचयपत्र, एक सय ८२ जनालाई हातहतियार नवीकरण/नामसारीसम्बन्धी सेवा प्रदान गरिएको छ । जिल्ला प्रशासन कार्यालयमा सेवाग्राहीको बढ्दो चापका कारण इलाका प्रशासन कार्यालयको आवश्यकता देखिएको अधिकारीको भनाइ छ । जिल्लामा सोही आर्थिक वर्षमा ३५ जनाले नागरिकता परित्याग गरेका छन् । नागरिकता परित्याग गर्नेमध्ये सात महिला र २८ पुरुष रहेको प्रजिअ अधिकारीले बताउनुभयो । उहाँका अनुसार सोही अवधिमा तीन महिलाको नागरिकता रद्द गरिएको छ । कार्यालयले सो आवमा १७ हजार ८६९ नागरिकता प्रमाणपत्र वितरण गरेको छ । ती मध्ये आठ हजार ७१८ नयाँ नागरिकता र नौ हजार १५१ प्रतिलिपि रहेको प्रजिअ अधिकारीले बताउनुभयो । उहाँका अनुसार नयाँ नागरिकतातर्फ वंशज (बाबुका आधारमा) आठ हजार ६७६, वंशज (आमाका आधारमा) तीन, गैरआवासीय २९ र वैवाहिक अङ्गीकृत १० नागरिकता वितरण गरिएको छ । नागरिकता प्राप्त गर्नेमा चार हजार ४५९ महिला र चार हजार २५९ पुरुष छन् । प्रतिलिपितर्फ वंशजका आधारमा चार हजार ४७७ महिला, चार हजार ६६४ पुरुष, वैवाहिक अङ्गीकृत आठ र जन्मसिद्ध दुई नागरिकता वितरण गरिएको छ। मासिक रूपमा साउनमा एक हजार ८६९, भदौमा एक हजार १८६, असोजमा सात सय ९१, कात्तिकमा एक हजार ८०२, मङ्सिरमा एक हजार ४३५, पुसमा एक हजार २४४, माघमा एक हजार ६०१, फागुनमा एक हजार १९७, चैतमा एक हजार ४२४, वैशाखमा एक हजार ३६५, जेठमा दुई हजार १९१ र असारमा एक हजार ७६४ नागरिकता वितरण गरिएको कार्यालयले जनाएको छ।

कार्यालयले एक वषमा छ सय नाबालक परिचयत्र वितरण गरेको छभने छवटा प्रतिलिपि वितरण गरेको छ। यस्तै पाँच हजार एक महिला, आठ हजार ५५० पुरुष र दुई सय ६४ नाबालक गरी १३ हजार ७१५ राहदानी विवरण सङ्कलन गरिएकामा चार हजार ४५८ महिला र सात हजार ७४५ पुरुष गरी १२ हजार २०३ राहदानी विवरण गरिएको कार्यालयले जनाएको छ। सो अवधिमा १२ हजार ९९६ महिला र १७ हजार ६६४ पुरुष गरी ३० हजार ६६० जनाको राष्ट्रिय परिचयपत्र विवरण सङ्कलन गरिएको छ । कार्यालयमा आएका ६४ हजार ६८१ थान परिचयपत्र सम्बन्धित पालिकामा पठाएर वितरण भइरहेको प्रजिअ अधिकारीको भनाइ छ।

# हिमालयन सिद्धमा श्री मद्भागवत कथामा नगर प्रमुख आचार्य



पोखरापत्र संवाददाता
पोखरा, २५ साउन

हिमालयन सिद्ध महायोग ध्यान साधना केन्द्र, नारायणस्थान नदिपुरमा हिजो श्रीमद्भागवत महापुराणको कथाको सङ्कल्प अनन्त श्री विभुषित आध्यजगतगुरु श्री रामानन्दाचार्य स्वामी श्री रामकृष्णाचार्य जी महाराज (महायोगी सिद्ध बाबा) बाट भएको छ।

श्री मद्भागवत कथा अनन्त श्री श्री १००८ श्री वैष्णव महन्त श्री हरि शंकर दास वेदान्ती जी महाराजको श्री मुखबाट वाचन हुने र उक्त कथा अगामी एक सप्ताह चल्ने छ । श्रीमद्भागवतको कथा शुभारम्भ को पहिलो दिन पोखरा महानगर पालिका प्रमुख श्री धनराज आचार्यको प्रमुख आतिथ्यता रहेको थियो । उहाँले पोखरा मुक्ति क्षेत्रको द्वार रहेको र यस क्षेत्र वरपर समग्र विकासको लागि हिमालयन सिद्ध महायोगसंग मिलेर काम गर्ने प्रतिबद्ध व्यक्त गर्नु भएको छ।

विहानवाटै भएको पूजामा पोखरा लगायत नेपालको अन्य शाखाहरुबाटपनि महायोगी सिद्ध वावाको अनुयायीहरुको सहभागिता रहेको थियो । सोही अवसरमा श्रावणी पूर्णिमा अर्थात जनै पूर्णिमा पनि श्री सद्गुरुदेव ज्यू को करकमलवाट डोरा बाँधेर दिव्यता र भव्यताको साथ मनाएर सबैले कृपा लाभ प्राप्त गरेका थिए।

हाल गत हरिबोधिनी एकादशीबाट हरिशयनी एकादशीसम्म चतुर्मास व्रत अनुष्ठान चलिरहेको छ। आफ्नो आत्म कल्याण गर्न चाहनुहुनेहरुले उक्त अनुष्ठानमा सहभागी भएर लाभ उठाउन सकिने पनि आयोजक समितिले अनुरोध गरेकोछ।

# वन्यजन्तु आक्रमणमा ज्यान गुमाएका परिवारलाई एक करोड ६० लाख क्षतिपूर्ति

पोखरापत्र संवाददाता
तनहुँ, २५ साउन

वन्यजन्तु आक्रमणमा परी मृत्यु भएका यहाँका पीडित परिवारलाई डिभिजन वन कार्यालयले क्षतिपूर्तिस्वरुप रु एक करोड ६० लाख प्रदान गरेको छ । जिल्लाको विभिन्न स्थानमा गरी चितुवाको आक्रमणबाट ज्यान गुमाएका १६ बालबालिकाका परिवारलाई जनही रु १० लाखका दरले रकम हस्तान्तरण गरिएको हो।

वन्यजन्तुको आक्रमणबाट मृत्यु भएमा रु १० लाख क्षतिपूर्ति दिने व्यवस्था रहेअनुरुप हालसम्म उक्त रकम उपलब्ध गराइएको वन अधिकृत तथा सूचना अधिकारी राजकुमार श्रेष्ठले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "वन्यजन्तुको आक्रमणबाट घाइते भएका २१ जनालाई रु नौ लाख ४५ हजार ५२६ उपचार खर्च प्रदान गरिएको छ ।" विसं २०७४ फागुन ९ गतेदेखि हालसम्म आठ वर्षको अवधिसम्म जिल्लाका विभिन्न स्थानमा भएको चितुवा आक्रमणमा परी ११ बालक र पाँच बालिकाको ज्यान गएको छ।

"चितुवा आतङ्क बढ्न थालेपछि जिल्लाका आठ स्थानमा चितुवाका लागि खोर राखिएको छ," उहाँले भन्नुभयो, "पछिल्लो समय बन्दीपुर क्षेत्र बढी प्रभावित देखिएकाले पासो राखिएको छ ।" बन्दीपुरका पाँच सामुदायिक विद्यालय र मानिसको जमघट हुने सार्वजनिकस्थलमा चितुवाको आक्रमणबाट कसरी जोगिन सकिन्छ भन्ने सचेतनामूलक होडिङ बोर्डसमेत राखिएको कार्यालयले जनाएको छ । चितुवाबाट जिल्लाको भानु, बन्दीपुर, आँबुखैरेनी, व्यासलगायत पालिकामा बढी प्रभावित छन् । चितुवाको आक्रमणबाट सबैभन्दा धैरै भानु नगरपालिका प्रभावित भएको छ । सूचना अधिकारी श्रेष्ठका अनुसार मृत्यु हुनेमा बन्दीपुर गाउँपालिका-५ की ८ वर्षीया सुप्रीति थापा, बन्दीपुर-१ का ५ वर्षीय सुप्रिम थापा र बन्दीपुर-३ की ११ वर्षीया डिना चेपाङ हुनुहुन्छ । यसैगरी, व्यास नगरपालिका-१२ छर्कनका ८ वर्षीय अभिनव कुँवर, भानु नगरपालिका-३ का ६ वर्षीय विशाल श्रेष्ठ, भानु-४ की ४ वर्षीया रञ्जिता लम्साल, भानु-२ की ८ वर्षीया पुष्पा अधिकारी, सोही वडाका १० वर्षीय अमृत गुरुङ र ७ वर्षीय ऋतिक रोकाको चितुवाको आक्रमणबाट मृत्यु भएको छ।

त्यसैगरी, भानु-१ का कुशल बानियाँ, शुक्लागण्डकी नगरपालिका-३ का २ वर्षीय रविन नेपाली, आँबुखैरेनी नगरपालिका-१ का ८ वर्षीय पुजन सिञ्जाली, बन्दीपुर-४ का ११ वर्षीय इसाक सुनार र शुक्लागण्डकी-२ नारायण राना, बन्दीपुर गाउँपालिका-५ यामपाका १३ वर्षीय सुन्दर अछामी र ९ वर्षीया अनुजा विकको पनि चितुवाको आक्रमणबाट मृत्यु भएको छ।

कार्यालयका अनुसार विभिन्न ठाउँमा गरी २० स्थान पासो राखिसकिएको छ । एक पटक आक्रमण भएको ठाउँमा चितुवाले पुनः आक्रमण गर्ने सम्भावना रहने हुँदा नियन्त्रणमा लिन सोही ठाउँ आसपासमा पासो राख्ने गरिएको वन अधिकृत नवीन विश्वकर्माले बताउनुभयो।

# स्याङ्जामा ठूलो सख्यामा बालविवाह

पोखरापत्र संवाददाता
स्याङ्जा, २५ साउन

मुलतः कानूनले २० वर्ष मुनिको विवाहलाई मान्यता नदिए पनि स्याङ्जामा 'बालविवाह' व्यापक रहेको तथ्याङ्कले देखाउँछ।

आर्थिक वर्ष २०८१/०८२ मा जिल्लाका स्वास्थ्य संस्थामा २ हजार ५५९ महिलाले गर्भ परीक्षण गरेकोमा २१० जना युवती अर्थात ८.२ प्रतिशत महिलाहरू २० वर्षमुनि रहेको तथ्याङ्कले देखाएको छ।

जिल्लामा सुरक्षित प्रसूति सेवा लिने ८८२ महिलामध्ये १२ दशमलव ३५ प्रतिशत अर्थात १०९ जना २० वर्ष नपुगेका युवती छन् । त्यस्तै ९२४ जनाले महिलाले गराएको सुरक्षित गर्भपतनमा ४३ जना अर्थात ४.६५ प्रतिशत महिला पनि बालविवाहकै सूचीमा रहेको प्रदेश जनस्वास्थ्य कार्यालय स्याङ्जाका प्रशासक केशव चापागाईंले बताए।

२० वर्ष नपुग्दै आमा बन्ने किशोरीहरूको संख्या सरकारी निकायमा आधिकारिक रुपमा दर्ता हुनुले समस्या गम्भीर र चुनौतीपूर्ण रहेको जानकार बताउँछन् । जानकारका अनुसार कानूनी प्रावधानलाई व्यवहारमा उतार्न जनस्तरमै सचेतना र निगरानी बढाउनु आवश्यक छ । समाजमा बालविवाहलाई संस्कार नभएर 'खतराको संकेत' रूपमा बुझ्नु आवश्यक रहेको उनीहरुले बताए। कार्यालयको तथ्याङ्क अनुसार १२ हप्ता नपुगेका ८४१ महिलाले मेडिकलमा गर्भपतन गराएका छन् भने सर्जिकल विधिबाट ८१ र १२ हप्तामाथिका दुई जनाले गर्भपतन गराएका छन्। पछिल्लो वर्ष सुरक्षित प्रसूति सेवा लिनेमा दक्ष प्रसूतिकर्मीबाट ६९५, दक्ष स्वास्थ्यकर्मी मार्फत १६८ सामान्य स्वास्थ्यकर्मीबाट १३, र ६ जनाले घरमै सुत्केरी सेवा लिएका छन्।

जिल्लामा सुरक्षित प्रसूति तथा गर्भपतन जिल्ला अस्पताल, पालिकाका ६ अस्पताल, २ प्राथमिक स्वास्थ्य केन्द्र, दर्जनौं स्वास्थ्य चौकीसहित १२१ वटा संस्थाबाट सेवा दिइन्छ । बालविवाहका कारण किशोरी अवस्थामै गर्भधारण र प्रसूति हुने क्रम रोक्न शिक्षा, चेतना र सामाजिक हस्तक्षेप आवश्यक देखिएको जिल्लास्थित स्वास्थ्यकर्मी बताउँछन्।

पछिल्लो समय ७५३ जना महिलाले प्रसूति तथा गर्भपतन सेवा लिएको बारेमा सरकारी निकायमा तथ्याङ्क नै छैन । चापागाईंका अनुसार सेवा सुविधा खोज्दै पाल्पा, गुल्मी र पोखरा गएकाले तथ्याङ्कमा देखिएको छैन् । सिमा क्षेत्रका महिलाहरु सेवा लिन छिमेकी जिल्ला जाने गरेका छन् । एम्बुलेन्स सेवा निःशुल्क भएको हुँदा धेरैजसो सेवा जिल्ला बाहिरका सुविधा सम्पन्न अस्पतालमा उपचार सेवा लिएको देखिन्छ । गर्भपतन गर्नेहरूको हकमा पनि गोपनीयताको कारण सुरक्षित स्थान खोज्ने र रोज्ने प्रवृत्ति रहेको तथ्याङ्कले स्पष्ट पारेको छ।

# ‘मोहनी ढोरपाटन’ पुग्नै सकस

**खेमराज गौतम**
बागलुङ, २५ साउन

ढोरपाटनको मोहनी दृश्यले कसलाई नलोभ्याउला र ? टिकटक र फेसबुकका रिल्समा ढोरपाटनको सुन्दरता देखेर ढोरपाटन हिँडेका धेरैलाई त्यहाँ पुग्ने सडकले भने अप्ठ्यारोमा पार्दछ । भुजीखोलाको किनारैकिनार यात्रा गर्दा पहिलोपटक ढोरपाटन पुगेका पर्यटकलाई वर्षायाममा भने निकै सास्ती हुने गरेको छ ।

बागलुङको बुर्तिबाङदेखि ३२ किलोमिटर कच्ची सडक पार गर्दै ढोरपाटन पुगेका पर्यटकले ढोरपाटन क्षेत्रको प्राकृतिक दृश्यले कष्टकर यात्रा बिर्साएको बताउँछन् । सामाजिक सञ्जालका कारण ढोरपाटन पुग्ने पर्यटकहरु दिनदिनै बढ्दै गइरहेको र सयौँथरिका बुकी फूलका कारण ढोरपाटने पर्यटकलाई लोभ्याएको छ । पर्यटकका कारण घरबास र होटलहरु फस्टाउँदै आएका छन् भने सिकार आरक्षको राजश्व सङ्कलन भइरहेको छ । महँगो मूल्यमा नाउर झारलको सिकार गर्न सकिने ढोरपाटनमा कतिपय विदेशी पर्यटक हेलिकप्टरबाट पनि पुग्ने गरेका छन् । खाल्टाखुल्टी, उकालो र हिलाम्मे सडक पार गर्दै दैनिक सयौँ सवारीसाधन ढोरपाटनमा पुग्ने गर्दछन् । राष्ट्रिय प्राथमिकताको सडक भएरसमेत बुर्तिबाङदेखि ढोरपाटनको सडकको अधिकांश स्थानमा स्तरोन्नति हुन सकेको छैन ।

बुटवलबाट ढोरपाटनको बुकीपाटन घुम्न आउनुभएको सिजन परियारले ढोरपाटनको दृश्यले लोभ्याएर आए पनि सडक भने असहज रहेको गुनासो गर्नुभयो । “ढोरपाटन उपत्यकामा मोटरसाइकल राखेर एक दिन हिँडेर बुकी पाटन पुगियो, दृश्यले निकै लोभ्यायो”, उहाँले भन्नुभयो, “ढोरपाटन आएपछि ढोरपाटन आउने दुःख बिर्सदो रहेछ, यति धेरै पर्यटक आउने सडकस्तरीय हुन आवश्यक छ ।” बागलुङ बजारबाट चार दिनको पैदलमार्ग ढोरपाटनमा २०७१ सालमा सडक पुगेपछि एक दिनमा छोटिए पनि स्तरीय सडक नहुँदा पर्यटकले भने दुःख पाइरहेका छन् । पाँच वर्षदेखि हिउँदमा जेनतेन मिनी बस पुग्न थाले पनि बर्खा उक्त सडकमा यात्रुलाई सास्ती हुने गरेको छ । ढोरपाटन नगरपालिकाका कार्यवाहक प्रमुख कल्याण कायतले ढोरपाटन पुग्ने सडक कालोपत्र गर्नसके ढोरपाटनमा थेगी नसक्नु पर्यटक पुग्ने आशा व्यक्त गर्नुभयो । उहाँले आरक्षले राजस्व उठाउने मात्रै काम गरेको भन्दै पर्यटकलाई उचित सूचना नदिएको बताउनुभयो । “पटकपटकको प्रयासपछि हिउँदमा त मिनीबस ढोरपाटन पुग्छ, तर बर्खामा उकालो सडक हिलाम्मे भएपछि साना सवारीसाधनसमेत जान कठिन हुन्छ, त्यहाँ अहिले जिप र मोटरसाइकल मात्रै जान सक्छन्”,



कायतले भन्नुभयो, “बर्खा सकिँदासाथ सालझण्डी-ढोरपाटन सडक आयोजनामार्फत सडक स्तरोन्नतिको काम सुरु गर्ने सहमति भएको छ, बुर्तिबाङदेखि ढोरपाटनसम्मको सडक कालोपत्र भएमा ढोरपाटनले नथेग्ने पर्यटक यहाँ आउने देखिन्छ ।” देशका सय पर्यटकीय गन्तव्यमा सूचीकृत ढोरपाटन विश्वभर चर्चित छ । चर्चित गन्तव्यमा पुग्ने सडक भने कष्टकर छ । ढोरपाटन भ्रमणका लागि बर्सेनि २० हजारभन्दा बढी आन्तरिक पर्यटक सडक मार्गबाट ढोरपाटन पुग्ने गरेका छन् । दुई वर्षअघिसम्म गुमनाम रहेको बुकीपाटन र जलजलाजस्ता क्षेत्रमा अहिले पर्यटक ह्वातै बढेको छ ।

राष्ट्रिय प्राथमीकरणको आयोजनाअन्तर्गत स्तरोन्नतिसँगै कालोपत्रका लागि ठेक्का लागिसकेकाले नगरपालिकाले अवरुद्ध सडक खुलाउने मात्रै काम गर्दै आएको जानकारी दिनुभयो । पर्यटक बढेपछि स्थानीयको घरबास, होटल चलेको र घोडाधनीलाई लाभ मिले पनि सिकार आरक्षका कारण पर्यटकलाई भने असहज भएको छ । ढोरपाटन जाने सडक स्तरोन्नतिका लागि चार वर्षअघि ठेक्का भए पनि ३५ प्रतिशत मात्रै काम भएको देखिन्छ । बुर्तिबाङ फल्लेघरसम्मको सडक ग्राभेल गर्न ठेक्का लिएको स्वच्छन्द, ओमबुद्ध संयुक्त निर्माण कम्पनीले दसैँसम्ममा स्तरोन्नतिको काम पुनः थाल्नेगरी सहमति भएको ढोरपाटन नगरपालिकाले जनाएको छ ।

छ हजारमै पुग्न सकिन्छ ढोरपाटन

रु छ हजार खर्च गरेपछि पोखराबाटै ढोरपाटन पुग्न सकिने व्यवस्था मिलाइएको छ । पोखराको महाशिला एडेभेन्चरले अहिले दिनमा चार वटा स्कोरपियो गाडी ढोरपाटनका लागि छुटाउँदै आएको छ । महाशिला एडेभेञ्चर पोखराका सन्तोष देवकोटाले ढोरपाटन पुगेको दुई दिन एक रातको रु छ हजार र बुकी पुगेको तीन दिन दुई रातको रु आठ हजारमा पोखराबाट पर्यटकहरु पठाउने गरेको बताउनुभयो । दुई वर्षयता प्याकेजमै ढोरपाटन र बुकी पुऱ्याउँदै आएको महाशिला एडेभेन्चरले सस्तो प्याकेजै पर्यटकलाई बुकी पुऱ्याउन थालेको छ । उहाँले प्याकेजमा जाने पर्यटकलाई बुकीसम्म घोडामा झोला समेत लैजाने व्यवस्था मिलाएको बताउदै ढोरपाटनबाट भने पर्यटक पैदल हिँड्नुपर्ने बताउनुभयो ।

एक वर्षमा आठ हजारले पर्यटक बढे

नेपालको एकमात्रै सिकार आरक्ष क्षेत्र ढोरपाटन पुग्ने पर्यटकको सङ्ख्यामा बर्सेनि वृद्धि भइरहेको छ । ढोरपाटन सिकार आरक्ष कार्यालय बागलुङका अनुसार ढोरपाटन घुम्न आउने आन्तरिक पर्यटकको सङ्ख्यामा एक वर्षमै आठ हजारले वृद्धि भएको छ । कार्यालयका रेञ्जर सागर सुवेदीका अनुसार आर्थिक वर्ष २०८०/८१ मा १५ हजार ५७३ पर्यटक ढोरपाटन पुगेकामा आव २०८१/८२ मा पर्यटकको सङ्ख्या आठ हजारले बढेर २३ हजार ६९२ पुगेको छ । ढोरपाटनमा सिकार खेल्नमात्रै विदेशी पर्यटक आउने गरेकामा पछिल्लो समय सिकार आरक्ष क्षेत्र अवलोकन, ढोरपाटन उपत्यका, निशेलढोर र ढोरबराह मन्दिर, बुकीपाटन र जलजलालगायतका क्षेत्रको अवलोकनका लागि आन्तरिक पर्यटक त्यहाँ आउने गरेका छन् । ढोरपाटन उपत्यकामा दुई दर्जन होटल तथा घरबास सञ्चालनमा रहेको र सोझै पोखरादेखि पर्यटकलाई प्याकेजमै ल्याउने लैजाने व्यवस्थापनका कारण पर्यटकलाई सहज भएको ढोरपाटन सामुदायिक घरबासका सञ्चालनक रामबहादुर घर्तीले बताउनुभयो । ढोरपाटनको प्रचारप्रसार, पर्यटकीय पूर्वाधार, बुकी र जलजलामा पदयात्रा गर्ने पर्यटकका कारण पर्यटकको सङ्ख्या बर्सेनि बढ्दै गएको सुवेदीको भनाइ छ । समुन्द्री सतहदेखि दुई हजार ९०० मिटरको उपत्यकादेखि चार हजारभन्दा माथिको बुकीपाटनसम्म पर्यटक पुग्ने थालेका छन् ।

के हो ढोरपाटनको आकर्षण ?

बर्खामा फुल्ने अनेकथरी फूलले रङ्गिएको ढोरपाटन मुख्य आकर्षणका रुपमा छ । आठ किमी लामो ढोरपाटन उपत्यकामा फुलेका रातो, सेतो, पहेला रङ्गका फूल बर्खामा ढोरपाटनको मुख्य विशेषता हो । विभिन्न रङमा फुलेका फूलसँगै हरियाली बनेको समथर मैदानले आन्तरिक तथा बाह्य पर्यटकको ध्यान खिचेको छ । ढोरपाटन उपत्यका, प्रसिद्ध ढोरबारही मन्दिर, ढोरपाटन सिकार आरक्षको सङ्ग्रहालय, निसेलढोर, जलजला र बुकीपाटन ढोरपाटनका मुख्य घुम्न लायक ठाउँ हुन् । बर्खाको समय अन्यत्र पर्यटकीय गतिविधि शून्यप्रायः जस्तै हुँदा यसपटक भने बागलुङको ढोरपाटन पर्यटकले गुल्जार बनेको छ । ढोरपाटन उपत्यकामा फूलेका रङ्गीविरङ्गी बन फूलसँगै चरेका घोडाको दृश्यले पर्यटकको मनै लोभ्याउने गरेको छ । प्रचारप्रसार र पर्यटकीय पूर्वाधारका कारण पछिल्लो समय ढोरपाटनमा बर्खामा उत्तिकै पर्यटक आउने गरेको पाइएको छ ।

स्थानीय ढोरपाटन सामुदायिक घरबासका सञ्चालक मिलन घर्तीका अनुसार असारदेखि भदौसम्म अन्य ठाउँमा पर्यटकको आगमन शून्य भए पनि ढोरपाटन गुल्जार बनिरहेको बताउनुभयो । घोडा सफारीका कारण स्थानीयको आयआर्जनमा वृद्धि भएको छ । कञ्चन उत्तरगङ्गा नदी, सुन्दर र समथर भूबनोट, अनेकथरी बुकीफूल र त्यसमाथि घोडा चरिरहेको दृश्यले ढोरपाटन पुग्ने जोकोही लोभिने गरेको काठमाडौँबाट मोटरसाइकलमा घुम्न आउनुभएको अनिल राजवंशीले बताउनुभयो । चार हजार मिटरभन्दा माथिको बुकिपाटन एक दिनको पदयात्रामार्फत पुगेको बताउँदै उहाँ ढोरपाटनको सौन्दर्यता बयान गरेर नसक्ने बताउनुहुन्छ । पाटनैभरि फूल्ने वनफूल, फूलमा घोडा, भेडाबाख्रा र गाईभैँसी चर्दै गरेको दृश्यले पर्यटकलाई तान्ने गरेको छ । अहिले सडक यातायात, होटल तथा घरबास सुविधा, सञ्चार सुविधाले यहाँ आउन निकै सहज भएको छ ।

गोठालाको उत्पादन गोठमै खपत

बागलुङको पर्यटकीय गन्तव्य ढोरपाटनमा पर्यटक बढेपछि भैँसी र भेडी गोठाला उत्साहित भएका छन् । बुकी पुग्ने पर्यटकका लागि खान बस्नमा सघाउँदै आएका गोठालाको आम्दानी बढ्दै आएको छ । पदमार्ग आसपास र बुकीपाटनमा चिया नास्ताका लागि स्थानीय उत्पादन खपत हुने गरेको छ । बुकीपाटन पुगेका पर्यटक गोठमै बस्ने र खाने गर्दा भैँसीको दूध, घ्यु तथा भेडाको मासु गोठमै खपत हुन थालेको हो ।

भैँसीपालन गरी उत्पादित घ्यू बिक्री गर्दै आउनुभएका बुकी पाटनका भैँसी गोठाला ७२ वर्षीय देवबहादुर विकले चरिचरनका रुपमा रहेको बुकीपाट पर्यटकीय गन्तव्य बनेपछि गोठमै पैसा आउन थालेको बताउनुभयो । बुकीपाटन उक्लनेले बीचबाटोको चेप्टेढुङ्गामा गोठबाटै चिया बिक्री गरेर राम्रो आम्दानी गरेको गुमानसिंह कुमाइले बताउनुभयो । दूधको चिया खपत भएपछि घ्यू र दही बनाउने झन्झट नभएको उहाँको भनाइ छ । समुन्द्री सतहदेखि दुई हजार ९०० मिटरको ढोरपाटन उपत्यकादेखि चार हजारभन्दा माथिको बुकीपाटनसम्म पर्यटक पुग्ने थालेका छन् ।

‘गोठस्टे’ सञ्चालन

पर्यटकलाई लक्षित गरी बुकीपाटनमा दुई वटा गोठस्टे (गोठमा हुने बसाइँ) सञ्चालनमा रहेका छन् । अस्थायी रुपमा सञ्चालन गरिने गोठस्टे असारदेखि असोजसम्म सञ्चालन गरिने हाइअल्टिच्युट तथा टेन्टस्टेका सञ्चालक मेहेन्द्र घर्तीमगरले बताउनुभयो । उहाँले चार हजार मिटर उचाइमा पर्यटकलाई लक्षित गरी अस्थायी रुपमा भए पनि खाने र बस्ने सुविधा दिएको बताउनुभयो ।

उहाँले सादा खानालाई रु ५०० र मासु खानालाई रु ८०० मा पर्यटकलाई पस्कने गरेको सुनाउनुभयो । बुकीपाटनमा जाने पर्यटकको सङ्ख्या दिनानुदिन बढ्दै गएकाले गर्पाछेडामा दुई वटा गोठस्टे सञ्चालनमा ल्याइएको छ । पछिल्लो समय ढोरपाटन आउने अधिकांश पर्यटक बुकीपाटन पुग्ने गरेको ढोरपाटन सामुदायिक घरबासका सञ्चालनक मिलन घर्तीले जानकारी दिनुभयो ।

सिकारमा रमाउछन् विदेशी सिकारी

सिकारले प्रसिद्ध कमाएको ढोरपाटनमा सिकार खेल्न महँगो मूल्य तिरेर विदेशी सिकारी आउने गरेका छन् । वैधानिक रुपमा सिकार खेल्न पाइने नेपालकै एकमात्र सिकार आरक्ष ढोरपाटनमा विदेशका धनाढ्य सिकारी सिकारमा रमाउन हेलिकप्टरमार्फत आउने गरेका छन् । रेञ्जर सुवेदीका अनुसार दोस्रो याममा याममा ११ नाउर र सात झारलको सिकार भएको थियो । वन्यजन्तु तथा राष्ट्रिय निकुञ्ज विभागले गत माघ १५ गते सिकार गर्नका लागि बोलपत्र आह्वान गरी १३ नाउर, १० झारल र १२ बँदेल गरी ३५ वन्यजन्तुको सिकार गर्ने अनुमति दिएको थियो । सिकार खेल्नका लागि हिमालयन वाइल्डलाइफ आउटफिर्टस प्रालि, ट्र्याक्स एण्ड ट्रेल्स प्रालि, हिमालयन सफारिज प्रालि, ग्लोबल सफारिज नेपाल, नेपाल ट्राभल एक्सपिडिसन र ओपन नेपाल वाइल्डलाइफ सफारिज गरी छ वटा कम्पनीले एक आर्थिक वर्षमा दुई याममा अनुमति प्राप्त गर्दै आएका छन् । १२ बँदेलको सिकार अनुमति दिए पनि एउटा पनि सिकार नभएको उहाँको भनाइ छ । ढोरपाटनमा हरेक वर्ष (असोज-मङ्सिर) पहिलो र (फागुन-वैशाख) दोस्रो याममा सिकार हुने गर्छ । सिकार आयममा अमेरिका, अर्जेन्टिना, स्पेनिस, प्रान्सलगायत देशबाट सिकारी आउने गरेको पाइन्छ ।


## विद्यालय सहायक (लेखापाल) आवश्यकता

पोखरा महानगरपालिका शिक्षा महाशाखा कास्कीको च.नं ८० पत्र संख्या ०८२/८३ को मिति २०८२/०४/२५ को प्राप्त पत्र अनुसार साथै यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८२/०४/२२ को निर्णय अनुसार यस विद्यालयमा विद्यालय सहायक (लेखापाल) पदपूर्तिका लागि विज्ञापन अनूमति प्राप्त भएकाले तपशिलमा उल्लेखित योग्यता पूरा भएका इच्छुक नेपाली नागरिकहरुबाट तपशिलका उल्लेखित कागजात सहित प्रकाशित मितिले १५ दिनभित्र रितपूर्वक दरखास्त आव्हान गरिन्छ ।

**तपशिल**

विज्ञापन नं. ०१/२०८२/२०८३

१) पदः विद्यालय सहायक (लेखापाल) २) संख्याः १ जना

३)किसिमः करार

५) तबल स्केलः नेपाल सरकारको प्रचलित नियम अनुसार ।

६) उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको

७) आवश्यक कागजपत्रहरुः हस्तलिखित निवेदन, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपिहरु, नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि १ थान साथै कम्प्यूटर सम्बन्धी अनुभवको प्रमाण पत्र ।

८) परीक्षा दस्तुर : रु १०००|-

१०) परीक्षाको किसिम : लिखित र अन्तरवार्ता

११) शैक्षिक योग्यता : मान्यता प्राप्त शैक्षिक संस्थाबाट ब्यवस्थापन संकायमा +२ उत्तीर्ण वा सो सरह

१२) दरखास्त आइसक्नु पर्ने अन्तिम मितिः २०८२/०५/०९ गते ४:०० बजेसम्म

१३) सम्पर्क मितिः फोनबाट जानकारी दिइनेछ ।

नोटः कम्प्युटरमा दक्ष भएकालाई बिशेष ग्राहयता दिइने छ ।

सम्पर्कको लागिः ९८५६०६१३३०, ९७४५४५४४४७

**श्री जनज्योति माध्यमिक विद्यालय**

**पोखरा-२८, झाझरमारे कालिका, कास्की**

Email: shreejanajyoti2016@gmail.com


# लायन्स क्लव अफ लेखनाथको पदस्थापन कार्यक्रम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २५ साउन

लायन्स क्लव अफ लेखनाथको पदस्थापन कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा वर्ष २०२५/२६ का लागि निर्वाचित पदाधिकारी एवम् सदस्यहरुलाई लायन्स क्लव ईन्टरनेशनल ३२५ आई की डिष्ट्रीक गभर्नर पार्वती खरेलले पद तथा गोपनियताको सपथ ग्रहण गराएकी थिइन् ।

कार्यक्रममा प्रथम उपाध्यक्ष डमरुबल्लभ चापागाई,द्धितीय उपाध्यक्ष चिरञ्जीवी तिवारी,तृतीय उपाध्यक्ष महेन्द्र सिग्देल,सचिव केदारनाथ लामिछाने,कोषाध्यक्ष विष्णुबहादुर सुनार,सहसचिव सुन्दर ढकाल,प्रशासक भुवन श्रेष्ठ तथा सदस्यहरु डाक्टर प्रकाश भट्राई,ओमप्रकाश पौडेल,शिवप्रसाद लामिछाने, रविलाल सुवेदी,सुर्यप्रसाद तिवारी,शिवप्रसाद वास्तोला



लगायतलाईसपथग्रहणगराइएको थियो ।

उक्त अवसरमा बर्ष २०२४/२५ का अध्यक्ष कृष्णप्रसाद तिमिल्सिनाले आफ्नो कार्यकालमा भए गरेका विभिन्न गतिबिधिहरुको बारेमा जानकारी गराएका थिए भने बर्ष २०२५/२६ का अध्यक्ष बोधराज लामिछानेले आगामी योजना र कार्यक्रमको बारेमा जानकारी गराएका थिए । कार्यक्रममा लायन्स क्लव ईन्टरनेशनल ३२५ आई का पूर्व डिष्ट्रीक गभर्नर राम वसेल, निवर्तमान गभर्नर विनोद ढुंगाना लगायतले बोलेका थिए ।

क्लवका अध्यक्ष अध्यक्ष कृष्णप्रसाद तिमिल्सिनाको अध्यक्षतामा सम्पन्न कार्यक्रम लायन्स क्लव अफ लेखनाथका सचिब तुलसी सापकोटाले कार्यक्रमको सञ्चालन गरेका थिए ।

# ४४ औं हरितालिका तीज मेला भदौ ८ देखि

**पोखरापत्र संवाददाता**
पोखरा, २५ साउन

कास्कीको अन्नपूर्ण गाउँपालिकास्थित ढिकुरपोखरीमा ४४ औं हरितालिका तीज मेला भदौ ८ देखि हुने भएको छ । ढिकुरपोखरी युवा सञ्जालको आयोजनामा हुँदै आइरहेकोमेलाकोअवसरमाप्रथम अध्यक्ष कप फुटबल प्रतियोगिता समेत हुने भएको छ ।

मेला र प्रतियोगिताबारेमा जानकारी दिन आइतबार आयोजित पत्रकार सम्मेलनमा बोल्दै मेला संयोजक तथा अध्यक्ष विरेन्द्र गुरुबले मेलाको आकर्षणको रुपमा फुटबल रहँदै आएको यस पटकबाट अध्यक्ष कप नाम राखिएको सुनाए । प्रतियोगिताको विजेताले तीन लाख तीन हजार तीन सय रुपैयाँ सहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । दोस्रो हुने टिमले एक लाख ७२ हजार रुपैयाँसहित शिल्ड, मेडल रप्रमाणपत्र प्राप्त गर्ने गुरुबले बताए । यस्तै अनुसाशित टिमलाई १५ हजार, सर्वोत्कृष्ट




खेलाडीलाई १० हजार तथा सर्वाधिक गोलकर्तालाई ८ हजार रुपैयाँ प्रदान गरिनेछ । महिलाहरु का लागि तीज गीत प्रतियोगिता र रस्साकसी तथा पुरुष ठेलो प्रतियोगिताको समेत आयोजना हुनेछ । पुर्खाको विरासत, ढिकुरपोखरी तथा अन्नपूर्ण गाउँपालिकाकै सबैभन्दा पुरानो र ठूलो ऐतिहासिक उत्सवको रुपमा मेला रहँदै आएको गुरुबले बताए । २०४६ सालदेखी तीन मेला विद्यालयमा सञ्चालन हुँदै आइरहेको र विद्यालयले नै सञ्चालन गरेपनि पछिल्लो समय क्लबले उक्त मेलाको आयोजना गर्दै आइरहेको छ । विगत देखि नै फुटबल प्रतियोगिताको आयोजना गर्दै आइरहेकाले यसलाई निरन्तरता दिदैं आउँदा अन्नपूर्ण गाउँपालिका संरक्षक तथा प्रबर्द्धकको रुपमा रहेकाले पुरुष फुटबललाई प्रथम अध्यक्ष कप बनाइएको उनले बताए । उनका अनुसार गण्डकी प्रदेशका ८ फुटबल क्लबको सहभागिता रहनेछ । पुर्खाहरुले नै फुटबल प्रतियोगिता गर्दै आउनुभएको थियो । तीज मेला भन्ने वित्तिकै यहाँ फुटबल हुन्छ भनेर सबैले बुझ्छन’ उनले भने, हामीले त्यसैलाई अघि बढाएका हौं । फुटबल र तीज मेलाको यहाँ सम्बन्ध नै भइकसकेको छ ।’ फुटबल भदौ ८ गतेदेखी ११ गतेसम्म सञ्चालन हुनेछ ।

# भुमि समस्या समाधान सम्बन्धि सरोकारसंग अन्तरक्रिया सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २५ साउन

भूमि अधिकार मञ्च नेपाल जिल्ला कार्यसमिति कास्कीको आयोजनामा आइतबार भुमिहिन दलित, भुमिहिन सुकुम्बासी तथा अव्यवस्थित वसोवासीहरुको जग्गा प्राप्तीका लागि भुमि आयोग एवं जन प्रतिनिधि, राजनितिक दल र सरोकारहरु संग छलफल तथा अन्तरक्रिया कार्यक्रम आइतबार सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि भूमि समस्या समाधान आयोग कास्कीका अध्यक्ष बैन बहादुर गुरुङले भुमि समस्या समाधान कै लागि आयोग गठन भएकोले स्थानिय निकायले यथार्थ विवरण आयोगमा उपलब्ध गराएको केहि समय मै आफुबाट कुनै पनि काम नरोकिने वताए ।

पोखरा ९ का वडा अध्यक्ष दिपेन्द्र मर्सानीले आफ्नो वडामा वसोवास गरेका सबैलाई यहि वासको व्यवस्था गर्न पाए




राम्रो हुने वताउँदै भुमि सम्बन्धि समस्याको समाधानको लागि आफु सधैं सकरात्मक भएको वताए ।

कार्यक्रममा भुमि समस्या समाधान आयोग कास्कीका प्रबक्ता आस बहादुर गुरुङ स्थानिय निकाय, स्थानिय वासिन्दाको सहयोगले मात्र आयोगले कार्य गर्न सक्ने वताए । कार्य पालिका सदस्य गोपि तुलाचन, भुमिअधिकार मञ्च नेपाल गण्डकी प्रदेश अध्यक्ष राम बहादुर लामिछाने, नेपाली काँग्रेस पोखरा ९ का सभापति शिवराज बास्तोला, नेकपा एमाले पोखरा ९ की अध्यक्ष सरस्वती श्रेष्ठ, माओवादी केन्द्र पोखरा ९ का अध्यक्ष असिम तामाङ, स्थानिय जित बहादुर मोक्तान र गोमा पराजुली तामाङले आयोगले समस्या समाधान गर्ने गरी काम गर्न अनुरोग गरेका थिए ।

भूमिअधिकार मञ्च कास्की अध्यक्ष प्रेम बहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत भूमिअधिकार मञ्च पोखरा महानगरका अध्यक्ष कृष्ण परियार र संचालन मञ्च कास्कीका सचिव कुमारी गुरुङले गरेकी थिईन ।